सप्तकोशी डेभलपमेण्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

कर्पोरेट कार्यालय, बिराटनगर ९, मोरङ
फोन नं. ०२१-५२८१३५/३७
फ्याक्स नं. ०२१-५२८१४०
E-mail: info@skdbl.com.np
www.skdbl.com.np

# बिशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४/१२/१९)**

यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिको मिति २०७४/१२/१७ गतेको निर्णय बमोजिम बैंकको बिशेष साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिकालागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थान**

मिति : २०७५ बैशाख १५ गते शनिबार
समय : बिहान ११.०० बजे देखि
स्थान : उद्योग संगठन मोरङ, विराटनगर

**२. छलफलका विषयहरू**

**(क) विशेष प्रस्तावहरू :**

१. बैंकको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा।
२. कार्यक्षेत्र विस्तारकालागि आवश्यकता बमोजिमको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।

**(ख) विविध ।**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. बिशेष साधारण सभाको प्रयोजनकालागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०७४/१२/३० गते देखि मिति २०७५/०१/१५ गते सम्म बन्द रहने छ। सो मिति भन्दा अघि मिति २०७४/१२/२९ गते सम्म नेपाल स्टक एक्सचेञ्च लिमिटेडमा शेयर कारोवार भई मिति २०७४/०१/०७ गते भित्र यस बैंकको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडबाट शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा दर्ता कायम शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ।
२. सभामा भाग लिन आउने शेयरधनीले सभा कक्षमा प्रवेश गर्नकालागी प्रवेश पत्र वा नागरिकता वा शेयर प्रमाणपत्र साथै लिई आउन अनुरोध गरिएको छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा आधिकारीक पत्र अनिवार्य गरिएको छ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा १ घण्टा अगाडी उपस्थित भै त्यहाँ रहेको उपस्थिती पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ।
४. बिशेष साधारण सभा भएको सूचना सम्बन्धित शेयरधनी महानुभावहरूको ठेगानामा पठाइएको छ सो सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी बिशेष साधारण सभामा उपस्थितीकालागि अनुरोध गर्दछौं।
५. सभामा भाग लिन र मतदान गर्नकालागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि पत्र सभा हुनु भन्दा ४८ घण्टा अगाबै बैंकको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि नियुक्त भएको व्यक्ति यस बैंकको शेयरधनी हुनु पर्नेछ। प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी आफैंले सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा अगाडी दिईसकेको प्रतिनिधित्व स्वतः बदर हुनेछ।
६. नावालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन्। शेयरधनीको दर्ता किताबमा संरक्षकको रूपमा लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
७. कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि नियुक्त गरेको भएमा कस्कस्को बदर गरिएको हो सो को जानकारी दिनु पर्नेछ अन्यथा सबै प्रतिनिधि बदर हुनेछन्।
८. बिबिध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ३ दिन अगावै लिखित रूपमा बैंकलाई जानकारी दिनु पर्नेछ। यस्तो विषयमा यस बैंकसँग सम्बन्धित र औचित्य हेरेर आवश्यक भएमा मात्र छलफलकालागि समावेश गरिनेछ।
९. बिशेष साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको भ्रमण खर्च लगायत कुनै किसिमको खर्च रकम बैंकले प्रदान गर्ने छैन।
१०. बिशेष साधारण सभा सम्बन्धी अन्य जानकारी बैंकको वेभसाइट www.skdbl.com.np वा बैंकको कर्पोरेट कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्नसक्नु हुनेछ।
११. सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**